# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०४।२८ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी होमेन्द्र गुरमैतासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी होमेन्द्र गुरमैतासमेत रहेको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धि मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।२८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

<u>**देहायः**</u>

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्र. होमेन्द्र गुरमैता, अवधेषनन्दन बर्मा, रामदयाल ठाकुर भूमिहार, सुरेन्द्रकुमार सिंह, प्रमोदप्रसाद यादव र विनयकुमार सिंह (वि.अ. को मु.नं. ०७९-CR-००५२), वि.अ. को फैसला मिति २०८०।९।२५) | **कृषि सेड निर्माणको नाममा सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको।** | **होमेन्द्र गुरमैता र लेखा अधिकृत अवधेष नन्दन वर्माले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर देखिँदा निज प्रतिवादीहरूलाई सोही दफामा उल्लेख गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) (ङ) बमोजिम कैद र जरिवाना हुन र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हानि नोक्सानी भएको बिगो रु. ६,२५,५५२।०९/- समेत निज प्रतिवादीहरूबाट असुलउपर हुन मागदावी लिइएको, जिल्ला कृषि विकास कार्यालय, बाराका तत्कालीन योजना अधिकृत **राम दयाल ठाकुरले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर देखिँदा निज प्रतिवादीलाई सोही दफामा उल्लेख गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) (ङ) बमोजिम कैद र जरिवाना हुन र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हानि नोक्सानी भएको बिगो रु. ६,२५,५५२.०९/- समेत निज प्रतिवादीबाट असुलउपर हुन मागदावी लिइएको, कृषि उपज बजार सेड निर्माण उपभोक्ता समितिको खाता सञ्चालक समितिमा रहेका **सदस्यहरू सुरेन्द्र कुमार सिंह, विनय कुमार सिंह र प्रमोद प्रसाद यादवले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसूर देखिँदा निज प्रतिवादीहरूलाई सोही दफामा उल्लेख गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम हानि नोक्सानी भएको बिगो रु. ६,२५,५५२।०९/- समेत निज प्रतिवादीहरूबाट असुलउपर हुन मागदाबी | **फैसलाः**<br>प्रतिवादीहरु होमेन्द्र गुरमैता, अवधेषनन्दन बर्मा, रामदयाल ठाकुर भूमिहार, सुरेन्द्रकुमार सिंह, प्रमोदप्रसाद यादव र विनयकुमार सिंहलाई आरोपदावीबाट सफाई पाउने ठहर्छ भनी मिति २०८०/०९/२५ मा फैसला गरेको।<br>**विशेष अदालत काठमाडौंले प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला गर्दा निम्न आधार ग्रहण गरेको:**<br>क. निर्माणका लागि जग्गा विवादका कारणले सम्झौता बमोजिमको काम सम्पन्न हुन नसकेको, उपभोक्ता समितिको बैंक खातामा खर्च भई बाँकी सरकारी रकम यथावत नै रहेको तथा कृषी विभागको मिति २०७९/०९/२८ को पत्रमा उपभोक्ता समितिका नाउँमा रु ७,५९,४१२।४२ बेरुजु रहेकोमा मिति २०७९/०९/२५ मा नै बेरुजु रकम दाखिला भईसकेको समेत देखिँदा प्रतिवादीहरुले सरकारी रकम हिनामिना गरेको भन्ने वस्तुनिष्ठ प्रमाणले पुष्टी हुन नसकेको भनी फैसला भएको देखिएको। | **क.** मिति २०६६।३।१७ मा २७ जनाको उपस्थितिमा रामजी सिंहको अध्यक्षतामा अन्य ६ जना सदस्य रहने गरीउपभोक्ता समिति गठन भएको, समितिको सदस्यहरू सुरेन्द्र कुमार सिंह, विनय कुमार सिंह, प्रमोद प्रसाद यादव र जिल्ला कृषि विकास कार्यालय, बाराका कर्मचारी रामदयाल ठाकुरले खाता सञ्चालन गर्ने निर्णय गरे बमोजिम २०६६ असार मसान्तमा सम्पन्न गर्ने गरी मिति २०६६।३।१९ मा जिल्ला कृषि विकास कार्यालय, बाराको तर्फबाट होमेन्द्र गुरमैता र उपभोक्ता समितिको तर्फबाट सदस्यहरू सुरेन्द्र कुमार सिंह र विनय कुमार सिंहसँग समितिको साझेदारीमा रु. १,१३,९२५।- र कार्यालयले रु. ७,५९,४१२।४२ भुक्तानी गर्ने गरी सम्झौता भएको। जिल्ला कृषि विकास कार्यालय, बाराले सो योजनाका लागि सन्तोषि इन्जिनियरिङ कन्सल्टेन्सी, कलैया ५, बारालाई प्राविधिक सुपरभिजन गर्न मिति २०६६।०३।२२ च.नं. ९६६ को पत्रबाट अनुरोध गरेको तर सो कन्सल्टेन्सीले मूल्याङ्कन गरी प्रतिवेदन पेश नगरेको। उक्त योजनाको लागि मिति २०६६।३।१८ मा गो.भौ.नं.११ बाट रु २,२८,०००/-, मिति २०६६।३।२१ मा गो.भौ.नं. १७ बाट रु. २,२८,०००।- र मिति २०६६।३।२५ को भर्पाई कागजबाट रु. ३,०३,४१२।४२ गरी कूल रु. ७,५९,४१२।४२ नापी किताब र बिल भरपाई बिना भुक्तानी भएको। साथै जिल्ला कृषि विकास कार्यालय बारा कलैयाको च.नं. ७७८ मिति २०७२/१२/२८ को पत्रबाट समेत कृषि उपज बजार सेड निर्माण पिपरपाती बाराको बजेट रु ८,००,०००/-आ.वं २०६५/२०६६ मा उपभोक्ता समितिले रु ७,५९,४१२।४२(सात लाख उनान्साठ हजार चार सय बाह् रुपैयाँ बयालिस पैसा) भुक्तानी लिएको भनी पत्रचार गरेको देखिएको।<br><br>**ख.** जिल्ला कृषि विकास कार्यालय, बाराले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय, हेटौडालाई पठाएको मिति २०७३।४।१८ च.नं. १३७ को पत्र तथा कागजातबाट मिति २०७३।४।११ मा जिल्ला प्राविधिक कार्यालय, बाराका इन्जिनियर रविन्द्र देव र सब इन्जिनियर लालबाबु रायले स्थलगत नाप जाँच गरी पेस गरेको प्राविधिक प्रतिवेदनमा सो योजनाको मूल्याङ्कन कुल रु. १,५३,९३३।२२ रहेको देखिने,<br><br>**ग.** जिल्ला कृषि विकास कार्यालय, बाराका तत्कालीन निमित्त प्रमुख बाली संरक्षण अधिकृत, होमेन्द्र गुरमैता सङ्ग मिति २०७३।९।१मा गरेको सोधपुछमा निजले आफू आ.व. २०६५।६६मा नि. प्रमुख भई कामकाज गरेको, उपभोक्ता समितिको किचलोले काम ढिलो सुरु भएको, पहिलो किस्ता रकम उपलब्ध गराइ काम सुरु गराएको, आर्थिक वर्ष सकिन लागेकोले रकम फ्रिज हुने देखि सो रकम उपभोक्ता समितिको खातामा ट्रान्सफर गरेको, यसरी पैसा ट्रान्सफर गर्दा सो रकम दुरुपयोग नहोस् भनेर कार्यालयको Planning Section को कर्मचारीलाई समेत खाता सञ्चालनमा साझेदार बनाएको भनी उल्लेख गरेको। मिति २०७३।१०।१४ गते जिल्ला कृषि विकास कार्यालय, बाराका योजना अधिकृत राम दयाल ठाकुरले गरेको सोधपुछ कागजमा निजले सेड निर्माण कार्य गराउने गरी सन्तोषी इन्जिनियरिङ कन्सल्टेन्सीबाट नक्सा, इष्टिमेट, कार्य सम्पन्न प्रतिवेदनको जिम्मेवारी तोकिए बमोजिम सो कार्यको सम्झौता भएको, निज त्यस बेला प्रा.स. पदमा रहेको, हाकिमको आदेशअनुसार निर्देशिका विपरीत निजलाइ खाता सञ्चालनमा राखेको, पहिलो किस्ता निकासा भएपछि कार्य सुरु भएको, दोस्रो किस्ता निकासा भएको तर आपसी विवादका कारण काम रोकिएको र कार्यालयले पटक पटक पत्राचार, फोन तथा भेटघाट गर्दा समेत वास्ता नगरेको भनी उल्लेख गरेको देखिएको।<br><br>**घ.** कृषि उपज बजार सेड निर्माण कार्यको रकम हिनामिना सम्बन्धमा तत्कालीन कार्यालय प्रमुख बाली संरक्षण अधिकृत, होमेन्द्र गुरमैता, लेखा अधिकृत अवधेष नन्दन वर्मा, योजना अधिकृत राम दयाल ठाकुरको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लिइएको। | | बयानमा उपभोक्ता समितिमा विवाद भएकोले पटक पटक समिति गठन तथा सम्झौता भएको, भुक्तानी हुने रकम दुरुपयोग नहोस् भनी कार्यालयको कर्मचारीलाई उपभोक्ता समिति समेतको अनुरोधमा खाता सञ्चालकमा राखेको, कार्यालय प्रमुखको आदेशमा भुक्तानी भएको जानकारी गराएको र उपभोक्ता समितिको सदस्यहरू विनय कुमार सिंह, प्रमोद प्रसाद यादव र सुरेन्द्र कुमार सिंहको बयानमा कार्यालयको कमी कमजोरीको कारण विवाद भएको, जग्गा विवादको कारण निर्माण कार्य अधुरो भएको, सामानहरू खरिद भएको तर विवादको कारण हिनामिना भएको भनी बयान गरेको देखिएको।<br><br>**ङ.** जिल्ला कृषि विकास कार्यालय, बाराका तत्कालीन नि. प्रमुख, बाली संरक्षण अधिकृत, होमेन्द्र गुरमैता, तथा लेखा अधिकृत अवधेष नन्दन वर्माको हकमा सम्झौताको सर्त विपरीत तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को प्रतिकूल हुने गरी प्राविधिक प्रतिवेदन, नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन बिना उपभोक्ता समितिको साझेदारी रकम समेत कट्टा नगरी लागत अनुमान बराबरकै रकम रु. ७,५९,४१२।४२ भुक्तानी गरेको, उपभोक्ता समितिको खाता सञ्चालकमा कार्यालयको कर्मचारी योजना अधिकृत राम दयाल ठाकुरलाइ समेत राखि भ्रष्टाचारजन्य कार्य गरेको देखिएको र सो कार्यालयका योजना अधिकृत राम दयाल ठाकुरको हकमा कार्यालयको कर्मचारी भएकोमा उपभोक्ता समितिको सदस्यहरुसँग संयुक्त खाता सञ्चालक गरेको राष्ट्रिय वाणिज्य बैंक लि. कलैयाको च.नं. २९३ मिति २०७९/०७/२१ को पत्रबाट देखिएको। निज प्रतिवादी राम दयाल ठाकुरले अन्य प्रतिवादीहरु प्रमोद प्रसाद यादव, विनय कुमार सिंह र सुरेन्द्र कुमार सिंहसँग मिलि खाता संचालन गर्ने कार्य गरी समितिका सदस्यहरुलाई योजनाको रकम आफूखुसी बाँडफाँड गरी खर्च गर्ने र निर्माण कार्य अधुरो गराइ अलपत्र पार्ने कार्यमा संलग्न रही भ्रष्टाचारजन्य कार्य गरेको देखिने,<br><br>**च.** कृषि सेड निर्माण कार्यमा प्रतिवादीहरु होमेन्द्र गुरमैता, अवधेषनन्दन बर्मा, रामदयाल ठाकुर भूमिहार तथा उपभोक्ता समितिका खाता सञ्चालकहरू सुरेन्द्र कुमार सिंह, विनय कुमार सिंह र प्रमोद प्रसाद यादवले लापरबाहीपूर्ण तरिकामा भुक्तानी भएको रकम आफूखुसी बाँडफाँड गरी खर्च गर्ने र निर्माण कार्य अधुरो गराइ अलपत्र पार्ने कार्य गरी भ्रष्टाचारजन्य कार्य गरेको देखिएको। सो योजनाको सम्झौतामा कार्यालयको तर्फबाट रु. ७,५९,४१२।४२ र उपभोक्ता समितिको तर्फबाट रु. १,१३,९२५।- साझेदारी हुने ब्यहोराबाट कूल रकम रु. ८,७३,३३७।४२ मध्ये १३.०४% रकम उपभोक्ता समितिको साझेदारी हुने भएको, जिल्ला प्राविधिक कार्यालय, बाराले गरेको सो योजनाको कूल मूल्याङ्कन रु. १,५३,९३३।२२ मध्ये उपभोक्ता समितिको लागत साझेदारी कट्टा गरी रु. १,३३,८६०।३३ भुक्तानी हुनुपर्नेमा रु. ७,५९,४१२।४२ भुक्तानी हुँदा जम्मा रु. ६,२५,५५२।०९/-(प्रकरण क र ख बाट पुष्टी हुने) (अक्षरूपी छ लाख पच्चिस हजार पाँच सय बाउन्न रुपैयाँ नौ पैसा मात्र) रकम हिनामिना गरी भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि भै रहेको अवस्थामा प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटीपुर्ण रहेको हुँदा बदरभागी रहेको।<br><br>**छ.** नेपाल सरकार वि. माधव सुवेधी भएको सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दामा (मुद्दा नं. ०७५-CR-२३७३, फैसला मिति२०८०/१०/२३) सर्वोच्च अदालतले "भ्रष्टाचार र बेरुजु निश्चय पनि फरक फरक विषय हो। बेरुजु भन्नाले आर्थीक कारोबार हेर्दा वा जाँच्दा लेखा परीक्षणले दर्साएको अनियमित कलम, वेरीतसँग भएको वा रीत भाँत नमिलेको, रुजु गर्दा नमिलेको, रुजु नगरिएको वा नभएको भन्ने शब्दकोशमा अर्थ्याइएको। सो परिभाषाबाट नै आर्थिक कारोवारमा आर्थिक कार्यविधि नमिलेको कारणबाट लेखा परिक्षणले औंल्याउने अनियमिततालाई सम्बोधन गर्न खोजेको। यस्तो बेरुजूमा कार्यविधि सम्म नमिलेको भई वदनियत तत्वको स्थान रहेको हुँदैन। बदनियतको अभाव भएको अवस्थामा आकर्षित हुन सक्दैन। प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादीले आर्थिक कार्यविधिगत त्रुटी गरेको मात्र नभई उठाएको राजश्व लामो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | समय सम्म बैंक दाखिला नगरी व्यक्तिगत प्रयोजनको लागि लिई खाएको अवस्था देखिएको। सो विषयमा उजुरी परी अनुसन्धान भएपछि मात्र कार्यवाहीबाट बच्नको लागि रकम दाखिला गरेकोबाट नै निजको बदनियत स्पष्ट देखीन आउँछ।"भनी सिद्धान्त प्रतिपादन भएकोमा बेरुजु रकम दाखिला भईसकेको देखिँदा प्रतिवादीहरुले सरकारी रकम हिनामिना गरेको भन्ने वस्तुनिष्ठ प्रमाणले पुष्टी हुन नसकेको भनी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला सर्वोच्च अदालतबाट प्रतिपादिन सिद्धान्त विपरीत रहेको देखिँदा प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटीपुर्ण रहेको हुँदा बदरभागी रहेको। |